समृद्ध कमल हाम्रो सरोकार

# कमल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,

## कृषि विकास शाखा,

## तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

# प्रथम चौमासिक प्रगति प्रतिवेदन

## आ.व.२०७६।०७७

## पृष्ठ भूमीः

झापा जिल्लाको पश्चिम तर्फ झापा जिल्लाको दमक नगरपालिकाासंग सिमाना जोडिएको कमल गाउँपालिका कृषि उत्पादनको दृष्टिले अग्र स्थानमा छ। ग.पा.का धेरै जसो वडाहरुको मुख्य आयश्रोत कृषि नै हो । यस गा.पा.को उत्तर तर्फ ईलाम जिल्लाको चुरे पहाड पर्दछ भने दक्षिण तर्फ गौरादह न.पा.र पुर्वमा शिवसताक्षी नगरपालिका पर्दछ। करिव ७००० हेक्टर खेती योग्य जमिन भएको यस गाउँपालिकाको मुख्य रुपमा खाद्यान्नबाली, धान, गहुं, मकै, दलहन, तेलहन लगायत, तरकारी बाली, आलु, काउली, बन्दा, टमाटर, भिण्डी, करेला आदि एवं, फलफुलमा विशेष गरी आंप, लिची, सुपारी, नरिवल, कागती खेती व्यवसायिक रुपमा हुने गरेको पाईन्छ।

## परिचय:

देश नयां शासकिय संरचनामा गए पछि जनतालाई सहज सेवा सुविधा पुर्याउने उद्धेश्यले विभिन्न विषयगत कार्यालयहरु स्थापना भई सेवा प्रदान गर्ने शिलशिलामा कमल गाउँपालिका कृषि विकास शाखा को स्थापना भयो । गाउँपालिकाक्षेत्रका कृषकहरुलाई मूलत: प्राविधिक सेवा प्रदान गर्ने हेतुले गाउँपालिकाको निति तथा कार्यक्रमलाई मध्यनजर गरी विभिन्न कृषि कार्यक्रमहरुको तर्जुमा गरि गाउँशभामा पेश गरियो । पाँचौं गाउँशभाबाट पारित आ.व.२०७६/०७७ को स्विकृत वार्षिक कृषि विकास कार्यक्रम कार्यान्वयन गरी सो को प्रथम चौमासिक प्रतिवेदन तयार गरिएको छ ।

## उद्धेश्य:

- व्यवसायिक रुपमा कृषि पेशालाई अपनाउन प्रोत्साहित गर्ने ।
- बाली सघनता बृद्दि गर्ने ।
- उन्नत प्रविधि तथा ,आर्गानिक,प्राकृतिक खेतीलाई प्रोत्साहन गर्ने ।
- जमिन बांभ्को राख्ने प्रबृत्तिलाई निरुत्साहित गर्ने ।
- कृषि उत्पादन र उत्पाकत्व बृद्धि गर्ने ।
- लागत खर्च कम गरी बढी मुनाफा आर्जन गर्ने ।
- गरिवी न्युनिकरण गर्ने ।
- आर्यआर्जनका अवसरहरु उपलब्ध गराउने ।
- आयत प्रतिस्थापन र निर्यात प्रवर्धनमा टेवा पुर्याउने ।
- खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।

# आ.व.०७६/०७७ को कृषि विकास कार्यक्रम एवं प्रथम चौमासिक प्रगाति बिबरण:

| क.सं. | कृयाकलाप (Activities) | इकाई | आ.व.२०७४।७७५ बार्षिक प्रगाति | | |
|---|---|---|---|---|---|
| | | | लक्ष्य परिमाण | भार | प्रगति परिमाण |
| १ | **वागवानी विकास तथा ककार्यक्रम** | | | | |
| १.१.२ | तरकारी सीडकीट वितरणा | संख्या | २५० | ०.७ | १ |
| १.२.४ | सिड टे वितरण | सख्या | २०० | ०.४ | १ |
| १.३.९ | व्यावसायिक कृषकहरुलाइ उन्नत वीउ वितरण | बीघा | २ | १.३ | १ |
| १.६.१ | घुम्ती स्थलगत कृषक तालिम | संख्या | ४ | १.१ | १ |
| १.६.६ | गा.पा. स्तरीय तालिम कार्यक्रम | पटक | १ | ०.९५ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.० | **कृषि यन्त्रिकरण कार्यक्रम** | | | ०.०० | |
| १.२.२ | मकै रेप्ने मेसिन ५० प्रतिशत अनुदानमा वितरण | संख्या | १५ | ०.४ | |
| १.२.३ | मकै छोडाउने मेसिन ५० प्रतिशत अनुदानमा वितरण | | १० | १.३ | |
| १.१७ | सिँचाइ मोटर वितरण | संख्या | १९ | ६.३ | |
| १.१.४ | मल्चिँग प्लषिटक ७५ प्रतिशात अनुदानमा वितरण | संख्या | ५० | ३.४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **२.०** | **वाली सरक्षण कार्यक्रम** | | | ०.०० | |
| **१.३.१** | कृषक पाठशाला सचालन | संख्या | २ | २.७ | |
| | २४ घन्टा भित्र कृषकको खेतवारीमा सेवा प्रवाह | | | | |
| १.३.२ | च्याउको वीउ ५० प्रतिशत अनुदानमा वितरण | सख्या | १०००० | | |
| | कृषि कार्यक्रम अनुगमन | | | | |

# यस आ.व.मा कृषि शाखामा थप गरिएका सेवाहरु

- टेलिफोन सेटको व्यवस्था  भएको
- शाखामा कृषकहरुका समस्या तथा गुनासाहरु टिपोट गरी अविलम्ब सुझाव दिने व्यवस्था गरिएको
- प्राविधिक सेवा टेवा कार्यक्रम

**समस्या र चुनौतीहरुः**

- सवारी साधनको अभाव ।
- युवा पुस्ताहरुको लागि कृषि क्षेत्र स्वत रोजाईको पेशा व्यवसाय हुन नसकिरहेको ।
- कृषि क्षेत्रमा काम गर्ने ज्यामीहरुको अभाव ।
- जमिन खण्डीकरण भईरहेकोले गर्दा मेशिनरी कृषि यन्त्र उपकरणहरुको प्रयोगमा समस्या भईरहेको ।
- कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजार शुनिश्चित नभएकोले कृषकहरु ढुक्क भएर यो व्यवसाय अपनाउन नसकिरहेको ।

## सुझाव हरुः

- सवारी साधनको व्यवस्थापन गरिनु पर्ने ।
- युवा पुस्ताहरुलाई कृषि क्षेत्र तर्फ आकर्षण गर्ने खालको नितिहरुको तर्जुमा ग
पर्ने
- आधुनिक मेशिनरी कृषि औजार उपकरणहरु अनुदानमा उपलब्ध गराउन प्रय
बजेट विनियोजन गरिनु पर्ने ।
- जमिन खण्डीकरणलाई निरुत्साहित गर्ने खालको नितिहरु अवलम्बन गरिनुपर्ने
- कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजार शुनिश्चित गर्न स्थानिय
सरकारबाट पहल हुनुपर्ने । जस्तो गोदाम घरहरुको निर्माणमा सहुलियत,सान
उद्योगहरु जस्तो चामल,चिउरा,भुजा,आचार आदि उत्पादन गर्ने उद्योगहरुलाई
विशेष सहुलियत दिईनुपर्ने ।
- आर्गानिक उत्पादनको सर्टिफिकेशन प्रणाली अपनाई छुट्टै बजार, सेडको निम

## उपलब्धीहरु:

- उन्नत प्रविधिहरुको प्रसार भई कृषकहरुको क्षमता अभिबृद्दि भएको ।
- यन्त्र उपकरणहरुको प्रयोग भई लागत खर्च घट्ने र मुनाफा बढ्ने अपेक्षा गरिएको ।
- कृषि पेशा तर्फ थोरै भए पनि युवाहरुको ध्यानाकर्षण भईरहेको । यो पेशा बाट पनि आम्दानी गर्न सकिन्छ भन्ने विश्वास बढेको । जसले गर्दा व्यवसायिक रुपमा कृषि पेशा गर्न प्रोत्साहन मिलेको ।
- कृषि चुनको प्रयोगबाट माटो सुधार भई उन्पादन र उत्पादकत्व बृद्दि हुने अपेक्षा गरिएको ।
- रसायनिक विषादीहरुको विकल्पमा अर्गानिक मलखाद एवं रोग किरा नाषक घरेलु उपायहरुको बारेमा जानकारी भएको । जसले गर्दा अर्गानिक उत्पादन तर्फ कृषकहरु उन्मुख हुने ।
- कृषि कार्यक्रमहरुमध्ये तालिम तथा विभिन्न अनुदान कार्यक्रमहरुमा २५० जना महिला र १५० जना पुरुष गरी जम्मा ४०० जना कृषकहरु प्रत्यक्ष रुपमा लाभवन्तित भएको ।







बह्वघरे क्षेत्रका कृषकहरुसँग सीथ व्लाइट सम्वन्धि विषयमा अन्तकृर्या गर्दै साथमा पाण्डे जी को भर्मी कम्पोष्ट अनुगमन गर्दै कृषि शाखाका प्राविधिकहरु

शखामा आएका समस्याहरुको पहिचान पछि अभिलेखीकरणमा कृषि प्राविधिक प्रेम पोखेल







# वडा नं. २ ,५ र ६ मा अवलोकन र सल्लाह दिँदै









# व्यावसायिक कृषकहरुको खेतबारीमा स्थलगत अनुगमन गर्नुहुँदै गा.पा.प्रमुख सहित प्रमुख प्रशासकीय अधिकृत तथा हाम्रो टीम









# कमल ३ का कृषकहरु सयपत्री खेतीमा व्यस्त









# तरकारी वालीको समस्या ग्रस्त क्षेत्रमा अवलोकन पश्चाल प्राविधिक सल्लाह दिदै

















# कीरा ग्रस्त क्षेत्रमा अवलोकन पछि छलफल गर्दै गरेको अवश्था









# फील्ड अवलोकन गर्दै










घुम्ती स्थलगत तालिम




घुम्ती स्थलगत तालिम


घुम्ती स्थलगत तालिम

# स्थलगत अवलोकन









# फौजी कीराको ७० प्रतिशत क्षतिको अवश्था









गा.पा.स्तरीय अगुवा कृषक तालिममा

तालिममा सम्बोधन गर्नुहुंदै गा.पा. प्रमुख ज्यु
















6.544

# फौजी कीरा ग्रस्त क्षेत्रमा खोजी र नष्ट अभियान सँचालन









धन्यवाद